# टेम्केमैयुङ गाउँपालिका

## अन्नपूर्ण, भोजपुर

## आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम

गाउँपालिका सभामा प्रस्तुत

बाह्रौं गाउँसभा मिति २०७९ असार १० गते

प्रमाणित गर्दछु

# टेम्केमैयुङ गाउँपालिकाको गाँउसभामा प्रस्तुत

# आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम

गाँउसभाका अध्यक्षज्यू,

उपाध्यक्षज्यू,

गाँउसभाका सदस्यज्यूहरु,

प्रमुख प्रशासकीय अधिकृतज्यू !

संघीयता कार्यान्वयनको चरणमा स्थानीय तहको दोस्रो निर्वाचन मिति २०७९ वैशाख ३० मा सम्पन्न पश्चात आज म यस सम्मानित सभालाई सम्बोधन गर्दैछु ।यस अवसरमा हामीलाई अमुल्य मत दिएर जिताउने सम्पूर्ण टेम्केमैयुङवासी जनतामा हार्दिक कृत्यज्ञता प्रकट गर्न चाहन्छु, साथै प्रत्यक्ष र अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने देश विदेशमा रहनु भएका दाजुभाई तथा दिदीबहिनीहरूमा आभारप्रकट गर्दै निर्वाचनलाई सौहार्दतापूर्ण वातावरणमा सम्पन्न गर्न मद्दत गर्ने सम्पूर्ण कर्मचारीहरु, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल साथै नेपाली सेनालाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

अध्यक्ष महोदय,

सबै गाँउ सभा सदस्यज्यूहरु,

आजको यस गौरवपूर्ण घडीमा नेपालको सबै खाले राजनीतिक आन्दोलन तथा संघर्षहरुमा आफ्नो अमुल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात र अज्ञात शहीदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । ती आन्दोलनका अगुवाई गर्नुहुने र योगदान पुऱ्याउने हुने अग्रज एवं घाइते तथा बेपत्ता नागरिकहरु र उनका परिवार प्रति सम्मान प्रकट गर्दछु । साथै हाल मात्रै कमी आएको तथा विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरसको कारण ज्यान गुमाउनु हुने सबै नेपालीहरु प्रति श्रदासुमन अर्पण गर्दछु । शोकाकुल परिवारजन प्रति गहिरो समवेदना व्यक्त गर्दछु । यस्तो माहामारीलाई हामीले पराश्त गर्न सकेता पनि भविष्यमा पनि यस्ता माहामारी निम्तिन सक्ने भएकाले सम्पूर्ण गाउँपालिकाबासि एवं देशबासिहरुमा उच्च मनोबलका साथ सुरक्षित र सतर्क रही यस्ता माहामारी नियन्त्रणमा सहयोग गर्न हुन समेत हार्दिक अनुरोध गर्दछु ।

नेपाल एक स्वाधीन र सार्वभौमसत्ता सम्पन्न मुलुक हो । इतिहासको विभिन्न कालखण्डहरुमा नेपाली जनताले गरेका बलिदानीपूर्ण संघर्षहरु जनआन्दोलन, जनयुद्ध, मधेश आन्दोलन लगायतका सबै किसिमका राजनीतिक

आन्दोलनबाट संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको संबिधान घोषणा भै हामी यसको कार्यान्वयनको चरणमा नै छौ । नेपालको संविधानको घोषणा पश्चात् मुलुकमा स्थानीय तहको निर्वाचन सम्पन्न भई उक्त स्थानीय सरकारले एक कार्यकाल व्यतित पनि गरिसकेको छ । हाल हामीले दोस्रो कार्यकालको रुपमा निर्वाचित भई कार्यभार सम्हालिसकेको अवस्था छ । स्थानीय तहको पहिलो निर्वाचनमा विजयी भई आफ्नो कार्यकाल सफल रुपमा सम्पन्न गर्नुहुने सम्पूर्ण जनप्रतिनिधिहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु वहाँहरुले गर्नुभएको योगदानलाई यस गाउँपालिकाले उच्च मुल्याङ्कन गर्दै वहाँहरुको शासकीय असल अभ्यासहरुलाई पनि यस सरकारले प्रयोग र ग्रहण गर्नेछ । अब देशमा संक्रमणकालको सकारात्मक अन्त्य एवं व्यवस्थापन भई आर्थिक समृद्धीको दिशामा अग्रसर रहेको कुरामा सम्पूर्ण नेपाली विश्वस्त रहेका छन् र यसै विश्वासलाई कायम राख्नु हाम्रो प्रमुख दायित्व रहनेछ ।

भोजपुर जिल्लाको पश्चिम क्षेत्रमा अवस्थित टेम्केमैयुङ गाँउपालिकालाई समृद्धिको शिखरमा पुर्याउने काम आफैमा चुनौतिपूर्ण भएता पनि नव निर्माणको यस घडीमा यसलाई एउटा ऐतिहासिक अवसरको रुपमा लिएर अगाडी बढ्नु हाम्रो पहिलो कदम हुने कुरामा हामी विश्वस्त पार्न चाहन्छौं । संविधानले स्थानीय तहलाई दिएको कार्यपालिकीय, व्यवस्थापकीय र न्यायीक अधिकार मध्ये आज हामी गाउँसभामार्फत व्यवस्थापकीय अभ्यास गर्न गइरहेका छौं । अतः यस ऐतिहासिक दिनमा टेम्केमैयुङ गाँउपालिकाको दोस्रो गाँउसभाको पहिलो अधिवेशनमा उपस्थित हुनुहुने सबै गाँउसभाका सदस्यज्यूहरु तथा कर्मचारी मित्रहरुलाई गाँउसभामा स्वागत गर्दै अन्तर हृदय देखि नै नमस्कार टक्र्याउन चाहन्छु ।

**अध्यक्ष महोदय,**

**सबै गाँउ सभा सदस्यज्यूहरु,**

स्थानीय सरकार सञ्चालनको लगभग पाँच वर्षको अभ्यास र अनुभव पछिको समयमा हामी यहाँ दोस्रो कार्यकालको वागडोर सम्हाली उपस्थित भएका छौ । यस आ.व. सम्म आइपुग्दा गाउँपालिकाले साना ठुला गरी करीब २००० आयोजनाहरु कार्यान्वयन तथा संचालन गरिसकेको छ । गाउँपालिकाको महत्वको सडकहरु ट्र्याक ओपन सहित करिब २० किलोमिटर सडक ग्राभेल समेत गरिसकिएको छ। यस आ.व. मा पनि गाउँपालिकाका गौरवका आयोजना अन्तर्गतका ठुला सडकहरुको स्तरउन्नतीको काम संघ तथा प्रदेश सरकार सँगको साझेदारीमा भइरहेको छ। महत्वपूर्ण सडकहरु सुधार तथा स्तरउन्नती गर्नको लागि सडक तथा पुलहरुको डिपिआर एवं सर्वेक्षण गरिसकिएको छ ।सबै वडा कार्यालयहरुमा इन्टरनेट (वाइफाई) जडान, पर्यटकीय गन्तव्य "मुन्दुम ट्रेल" पहिचान गरी पूर्वाधार विकासमा लगानी र पहल भइरहेको छ, साथै यसको प्रवर्द्धनको लागि टेम्केमैयुङ मुन्दुम पर्यटकीय साँस्कृतिक महोत्सव २०७६ र गाउँपालिका उज्यालो घोषणा सम्पन्न गरिसकिएको छ । त्यसका लागि विगतको स्थानीय सरकारलाई हार्दिक आभार प्रकट गर्दछु ।

आजसम्मको स्थानीय सरकार सञ्चालनको अभ्यास गर्दा जनप्रतिनिधी, राष्ट्रसेवककर्मचारी, राजनैतिक दलका प्रतिनिधी, नागरिक समाजका प्रतिनिधी, शिक्षक, विद्यार्थी, पत्रकार, उद्योगी–व्यवसायी र स्थानीय सर्वसाधारणहरुले

पुर्याएको सहयोगप्रति सबैमा हृदयदेखि नै धन्यबाद दिन चाहन्छौ ।आगामी दिनमा पनि गाउँपालिकाले गर्ने काममा यस्तै सहयोग, सुझाब, चासो, चिन्ता र खबरदारीको अपेक्षा राख्दछौं ।

हालसम्मको हाम्रो कामका मुल्याङकन गर्ने जिम्मा त हामी नभई आम जनसमुदायकै हो । मुल्याङकन निरन्तर गरिरहनु भएकै पनि होला । समय समयमा गाउँपालिकाले टेम्केमैयुङ गाउँपालिकामा जन्मेर विभिन्न क्षेत्रमा योगदान पुऱ्याउनु हुने गाउँपालिका भित्र वा बाहिर रहनुभएका अभिभावक व्यक्तित्व, राजनीतिज्ञ, उच्च ओहोदाका राष्ट्रसेवक कर्मचारी, समाजसेवी, व्यवसायी, पत्रकार एवं विज्ञ व्यक्तित्वहरुसँग प्रत्यक्ष भेटघाट र समिक्षा कार्यक्रम पनि गरिहेको छ । यसरी गरिएका भेटघाट कार्यक्रमका क्रममा विभिन्न व्यक्तिहरुले गर्नुभएको कुराकानी, विभिन्न व्यक्तिहरु विचको छलफल र अन्य पालिकामा प्रतिनिधिहरूले व्यक्त गर्नुभएको धारणाका आधारमा विगतको स्थानीय सरकारको प्रयास केहि सफल तथा केहि असफल पाइएको छ, विगतको स्थानीय सरकारले गरेको असल अभ्यासलाई अनुसरण गर्दै असफल अभ्यासलाई सफलता तर्फ उन्मुख गराउन यस सरकारको पहिलो नीति तथा कार्यक्रम उन्मुख हुनेछ । यस नीति तथा कार्यक्रमको पहिलो र एकमात्र उदेश्य भनेको शासन, विकास र सेवा प्रवाहमा गुणस्तरियता तथा सवैको समतामूलक पहुचँ नै हो ।

विगतको स्थानीय सरकारमाथि संघीयताको पहिलो अभ्यास, अनुभव र परिपक्कताको कमी, समन्वय गर्ने समय र क्षमताको अभाव, तालिम र अभिमुखिकरणको अभाव जस्ता चुनौतीहरुले विकास, योजना र कार्यक्रमका प्रतिफलहरुमा पुरै ढुक्क र सफल हुन नसकेको कुरालाई हामी स्वीकार्दछौ ।

विभिन्न समयमा निम्तिएको प्राकृतिक विपत्ति, विश्वव्यापी रुपमा फैलिरहेको कोरोना महामारीले विगतको सरकारले धेरै मानवीय तथा भौतिक क्षती व्यहोर्नु पऱ्यो, गाउँपालिकाको विकास निर्माण तथा जनजीवनमा प्रत्यक्ष असर पुऱ्यायो । लाखौंको रोजगारी गुमेको छ, व्यापार व्यवसाय बन्द भएकोछ, उत्पादन र आम्दानी प्रणाली खस्किएको छ । यसले निर्माण, उत्पादन र रोजगार क्षेत्रलाई प्रत्यक्ष प्रभाव पार्नुका साथै आर्थिक विकासमा बाधा भई लक्ष्य अनुसारको सफलता र उपलब्धि हासिल गर्न नसकेको कुरालाई हामी स्विकार्दछौ अव यस्ता निम्तिन सक्ने विपत्ति तथा महामारीको पूर्व आंकलन गर्दै त्यसको पूर्व तयारी गर्नमा पनि यस गाउँपालिका केन्द्रित रहनेछ । यसका लागि सम्पूर्ण टेम्केमैयुङ गाउँपालिकावासीको पूर्ण सहयोग प्राप्त हुने अपेक्षा राखेका छौ ।

नेपाल सरकारबाट जारी स्थानीय सरकार सञ्चालन ऐन २०७४, स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन–२०७८, नेपाल सरकारबाट विभिन्न मितीमा जारी गरिएका नीति, निर्देशन, मार्गदर्शन, यस गाउँपालिकाबाट जारी भएका विभिन्न नियमावली, आचारसंहिता, कार्यविधीको परिधिभित्र रही राजश्व परामर्श समिती, श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिती, बजेट तथा कार्यक्रम तर्जुमा समिति, विभिन्न विषयगत समितिहरुको बैठकका निर्णय, गाँउ कार्यपालिकाका विभिन्न मितीमा भएका निर्णय र गाँउपालिकाका अध्यक्षज्यूको निर्देशन र मार्गदर्शनको अधिनमा रहि नेपालको संविधान, प्रचलित ऐनकानुनको अनुसरण गर्दै जनताको माग र आकांक्षा वमोजिम टोल वस्तीस्तरबाट छनौट भै वडा समतिबाट प्राथमिकिकरण गरेर ल्याईएका योजना कार्यक्रमहरुलाई समेत मध्यनजर गर्दै यस टेम्केमैयुङ गाउँपालिकाको आ.व.२०७९/८० को नीति तथा कार्यक्रम सहित बजेट निर्माण गरिएको छ ।

लक्ष्य तथा उद्देश्यः

टेम्केमैयुङ गाँउपालिकाको तिब्र आर्थिक बिकास गर्नु र समृद्धि हासिल गर्नु आजको हाम्रो आवश्यकता हो । स्वाधिन,आत्मनिर्भर तथा अन्तरनिर्भर अर्थतन्त्र निर्माण गर्ने र दीगो तथा फराकिलो आर्थिक वृद्धि हासिल गर्दै सामाजिक न्याय सहितको समृद्ध गाउँपालिका बनाउने हाम्रो प्रस्थान बिन्दु हो । यतिमात्र नभई टेम्केमैयुङ गाउँपालिका सहित नेपाल सरकारको "सुखी नेपाली, समृद्ध नेपाल" भन्ने नारालाई सार्थक बनाउन र मुलुकको समृद्धिमा योगदान पुर्याई समाजबाद उन्मुख अर्थतन्त्र निर्माणमा योगदान पुर्याउनु हाम्रो लक्ष्य हो ।

**"कृषि, पर्यटन र साँस्कृतिक पूर्वाधार, टेम्केमैयुङ विकासको आधार"** भन्ने मुल नाराका साथ टेम्केमैयुङ गाँउपालिकालाई पूर्वाधार विकास अन्तर्गतका सडक तथा विद्युत् पश्चात कृषि, पर्यटन, शिक्षा, स्वास्थ्य, व्यापार, खेलकुद लगायतका माध्यमबाट आर्थिक, सामाजिक तथा सांस्कृतिक रुपमा सम्पन्न, वातावरणीय दृष्टिले स्वच्छ, शहरी सुविधा सम्पन्न एवं गाउँपालिकाभित्र रहेका सबै श्रोत साधनहरुलाई सही सदुपयोग र संचालन गर्दै व्यवस्थित र नमूना समृद्ध गाउँपालिका निर्माण गर्ने लक्ष्य रहेको छ । यसका साथै प्राकृतिक विपत्ति र कोरोना महामारीले हामीलाई एउटा पाठ सिकाएको छ र आगामी दिनमा हुन सक्ने यस्ता खाले समस्याहरुको सम्भावनालाई समयमा नै हल गर्दैसबै गाउँपालिकाबासिलाई निर्माण, उत्पादन र रोजगारसँग जोडिई आत्मनिर्भर–अन्तरनिर्भर र सुखि–सम्पन्न बनाउनु हाम्रो उद्धेश्य हो ।

उल्लिखित दीर्घकालीन सोंच, लक्ष्य तथा उद्देश्य मुताविक यस गाँउपालिकाले आ.व. २०७९/८० मा अवलम्वन गर्ने नीति तथा कार्यक्रम सम्मानित गाउँसभा समक्ष प्रस्तुत गर्न चाहन्छु ।

यस गाउँपालिकाबाट चालु आ.व. तथा आगामी आ.व. को लागि लिइएका नीतिहरु देहाय अनुसार हुनेछ;

**१. सार्वजनिक सेवा तथा क्षमता विकास**

क) सामान्य प्रशासन तथा व्यवस्थापन

- गाउँपालिकाको संगठनात्मक विकास, जनशक्ति व्यवस्थापन र वृत्ति विकासमा जोड दिइनेछ ।
- गाउँपालिकाका जनप्रतिनिधिहरुको र कर्मचारीहरु को क्षमता विकास योजना तयार गरी आवश्यक कार्यक्रम गरिनेछ ।
- कर्मचारीहरुसँग कार्यसम्पादन सम्झौता गर्दै उपलब्धिहरूको समीक्षा गरिनेछ ।
- गाउँपालिकाको आवधिक योजना र मध्यकालीन खर्च संरचना दस्तावेज निर्माण गर्नेछ ।
- खरिद गुरुयोजना र वार्षिक खरीद योजनाहरु तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।
- सेवा प्रवाह लाई पूर्ण रुपमा घर दैलो सम्म पुऱ्याउने रणनीतिलाई पूर्ण कार्यान्वयन गरिनेछ, साथै बैङ्किङ प्रणाली मार्फत वडा-वडा बाटै बृद्धभत्ता बाड्ने कार्यक्रमलाई पूर्ण कार्यान्वयन गरिनेछ ।
- स्थानीय सेवाको व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको उपयोग, प्रवर्धन र नियमन कडाईका साथ लागु गरिनेछ ।साथै डिजिटल प्रणाली मार्फत अनलाइन घटना दर्ता कार्यक्रमलाई अनिवार्य गरिनेछ ।
- गाउँपालिका लगायत सबै सेवा केन्द्रहरुमा सेवाग्राहीहरुलाई सरल र सहज सेवा तथा नियमनको लागि विद्युतीय हाजिरीको व्यवस्था गरिनेछ ।

- मानव संसाधन विकासका लागि अल्पकालीन तथा दीर्घकालीन योजना तर्जुमा गाउँपालिका भित्रको सार्वजनिक तथा सरकारी सम्पत्ति, सामुदायिक सम्पत्ति, भवन, सडक, पसल, व्यवसाय, पूर्वाधार, उद्योग, खानी तथा खनीज, वनको विवरण सहितको अद्यावधिक अभिलेख राखिनेछ । साथै अभिलेख प्रणालीलाई वैज्ञानिक र भरपर्दो वनाउन डिजिटलाइज्ड प्रणालीको प्रयोग गरिनेछ ।
- गाउँपालिकाको स्वामित्वमा रहेको सम्पत्तिको अद्यावधिक अभिलेख गरिनेछ ।
- गाउँपालिकास्थित सरकारी सम्पत्तिको एकीकृत विवरण तयार गरिनेछ ।
- व्यक्ति र समुदायबीच मेलमिलाप र मध्यस्थताको व्यवस्थापन गरिनेछ ।
- कार्यपालिकाका विभिन्न समिति, उपसमिति, कार्यदलको बैठक व्यवस्थापन वैज्ञानिक ढंगबाट निरन्तर गरिनेछ ।
- लेखापरीक्षण विवरण (बेरुजूको लगत समेत) को अभिलेख व्यवस्थापन गरि सार्वजनिक गरिनेछ ।

ख) योजना तर्जुमा, कार्ययोजना तयारी, उपभोक्ता समिति परिचालन

- गाउँपालिकाको आवधिक योजना र मध्यकालीन खर्च संरचना दस्तावेज निर्माण गरिनेछ ।
- दिगो विकासका लक्ष्यहरु को स्थानीयकरणका लागि स्पष्ट नीति तथा कार्ययोजना तर्जुमा गरी वार्षिक योजनामा समावेश गरी कार्यान्वयन गरिनेछ ।
- टोल विकास संस्था गठन र सञ्चालनका लागि आवश्यक कानुन तर्जुमा गरिनेछ ।
- विकास निर्माण प्रकृयामा स्थानीय जनसहभागिता अभिबृद्धिका कार्यक्रम तर्जुमा र कार्यान्वयन ।
- विकास योजनाहरुको वातावरणीय प्रभाव मूल्यांकनलाई निरन्तरता दिइनेछ ।
- उपभोक्ता समितिको क्षमता विकास र जागरुकताको लागि तालिम तथा अनुशिक्षणको कार्यलाई निरन्तरता दिईनेछ ।
- विकासका प्राथमिकता प्राप्त क्षेत्र निर्धारण गरिनेछ ।
- गाउँपालिकाको तिन वर्षे क्षमता विकास योजना अन्तर्गत पहिलो वर्षको कार्यक्रम यसै आ.व. देखि कार्यान्वयन गरिनेछ ।

ग) अनुगमन तथा मूल्यांकन

- गाउँपालिका स्तरीय अनुगमन समितिलाई मजवुत वनाउदै अनुगमन तथा मूल्याङ्कन कार्यलाई तथ्यमा आधारित वनाइनेछ ।
- विकास आयोजनाको अनुगमन, आवधिक प्रगति तथा प्रतिफलको समीक्षा पूर्ण रुपमा गरिनेछ ।
- विकास योजनाको अनुगमन तथा मूल्यांकनको आधार तथा प्रक्रिया निर्धारण गरिनेछ । ।
- आयोजनाको अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्याङ्कन गरिनेछ।
- विषयक्षेत्रगत नीतिको अनुगमन तथा मूल्यांकन गरिनेछ ।

घ) तथ्यांक व्यवस्थापन

- गाउँपालिकाको सबै सेवा प्रदायक कार्यालयहरुको अनलाइन तथा विद्युतीय माध्यमबाट तथ्यांक व्यवस्थापन र अभिलेखिकरणको कार्यलाई प्राथमिकतामा राखिनेछ ।
- गाउँपालिकाको आफ्नै वेभ साइटको माध्यमबाट गाउँपालिकाका महत्वपूर्ण सूचना, सन्देश तथा निर्णयहरु सार्वजनिकिकरण र शेयर गरिनेछ ।
- कार्यालयमा सूचना तथा अभिलेख केन्द्रको स्थापना तथा सञ्चालनलाई कार्यान्वयन गरिनेछ ।
- कार्यालयको सूचना सार्वजनिकीकरण पारदर्शीतालाई जोड दिइनेछ ।
- सम्भाव्य प्राकृतिक श्रोत तथा साधनको अभिलेख (प्रोफाइल) निर्माण गरिदै लगिनेछ ।
- वडा सचिव देखि वडा अध्यक्ष सम्मलाई लेखा व्यवस्थापन र अन्य अभिलेखिकरण सम्वन्धी क्षमता विकास तालिम संचालन गरिनेछ ।

ङ) कानुन तथा न्याय

- गाउँपालिकामा आइपर्ने झैझगडा मुद्दा मामिला न्यूनीकरण एवं मध्यस्तता, सहजीकरण, मिलापत्र गर्न गराउनको लागि गाउँपालिकामा गठन भएको न्यायीक समिति अन्तर्गत सबै वडामा वडा स्तरीय मेलमिलाप केन्द्रको स्थापना गरिदै लगिनेछ ।
- सामान्य झैझगडा मुद्दामामिलालाई वडाहरुमा स्थापना भएको मेलमिलाप केन्द्रमा वडास्तरीय मेलमिलाप तथा परामर्स समितिले सहजीकरण र मिलापत्र गर्ने व्यवस्था गरिनेछ ।

## २). पूर्वाधार विकास

### क) सडक तथा यातायात

- गाउँपालिकाको मुख्य सडक गाउँपालिकाका ९ वटै वडाकेन्द्रहरुलाई जोड्ने तिम्माको तीन भंगालेदेखि लेखर्कको कपासे सडक स्तरोन्नती एवं ग्राभेल गर्ने कामलाई प्रमुख प्राथमिकतामा राखिनेछ ।
- गाउँपालिकाको दोश्रो मुख्य सडक गुम्बादेखि कोट गोगने पाँचधारे सडकलाई पनि क्रमागत विकास गरिदै लगिनेछ ।
- गाउँपालिका जोड्ने दोश्रो बैकल्पिक सडक पाटीगाउँदेखि केराबारी सन्तपुर बतासे सडकलाई प्राथमिकतामा राखि निर्माण तथा स्तरउन्नती गर्दै लगिनेछ ।
- गाउँपालिकाले तयार गरेको सडक गुरुयोजना अनुरुप अन्य महत्वको सडकहरुलाई पनि २ वर्षभित्र स्तरउन्नती गरि सकिनेछ ।
- स्तरउन्नती तथा ग्राभेल गरिसकिएका गाउँ सडक संरक्षणको नीति बनाइनेछ र उक्त सडकहरुलाई हेर विचार तथा सुरक्षाको लागि आवश्यक संख्यामा सडक हेरालुहरुको प्रबन्ध मिलाइनेछ ।
- सडकहरुको नियमित मर्मत संभार तथा सुरक्षाको लागि कोष खडा गरिने र आवश्यक कार्यविधि बनाई संचालन गरिनेछ ।
- ग्राभेल तथा स्तरउन्नती गरिसकिएका सडकहरुमा साइनवोर्ड र साइनेजहरुको व्यवस्था गरिनेछ ।
- सडक तथा यातायातलाई वातावरणमैत्री बनाउन र सडक संरक्षण गर्नको निम्ति सडकको दाँया बाँया अनिवार्य फलफुलका वोट विरुवा (Agro-forest) रोप्ने नीतिलाई प्राथमिकताका साथ लागु गरिनेछ ।

- सडक यातायात नीति बनाई अनुत्पादक सडक ट्र्याक ओपन गर्न निरुत्साहनको लागि आवश्यक पहल तथा समन्वय गरिनेछ ।
- गाउँपालिकाले वर्गीकरण गरेको मुख्य सडक अधिकार क्षेत्र, सार्वजनिक क्षेत्र मिचेर घर, टहरा तथा भौतिक संरचना बनाउने कार्यलाई पूर्ण रुपमा निरुत्साहित गरिनेछ ।
- यस गाउँपालिका भित्रका पूर्वाधार संरचनालाई योजना बैंक बनाई अल्पकालिन, मध्यकालिन र दिर्गकालिन खर्च संरचनाको रणनीति र वर्गीकरण गरी गुरुयोजना बनाई निर्माण गर्दै लगिनेछ ।
- स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, झोलुङ्गे पुल, पुलेसा र तटबन्धन सम्बन्धी गाउँपालिका यातायात गुरुयोजना निर्माणको लागि आवश्यक कार्य गरिनेछ ।
- उचित स्थानमा बसपार्क व्यवस्थापनको लागि पूर्वाधार निर्माण गरिदै लगिनेछ ।
- यातायात क्षेत्रमा लगानी अभिबृद्धि गर्दै लगिनेछ र यातायात क्षेत्रमा वातावरणमैत्री प्रविधिलाई प्रोत्साहन दिइनेछ ।
- यातायात सुविधामा नागरिकको सरल, सहज र समान पहुँचको सुनिस्चितता बढाइनेछ ।
- निजी यातायात नियमन व्यवस्थापनको लागि मापदण्ड निर्माण गरिनेछ ।

### ख) उर्जा

- वैकल्पिक ऊर्जा सम्वन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन गरिनेछ ।
- गाउँपालिकामा केन्द्रीय प्रशारण विद्युतीकरणको पहुँच नभएका नियमित प्रकृयामा गरिने लगायत वैकल्पिक साना जलविद्युत संचालनमा रहेका सबै गाउँ वस्तीहरुमा केन्द्रीय विद्युतीकरणको लागि सम्बन्धित निकायमा पहल र समन्वय गरिनेछ ।
- बजार क्षेत्र तथा सार्वजनिक स्थानहरुमा सौर्य बत्ती र सडक बत्तीको व्यवस्था गरिदै लगिनेछ ।

### ग) भवन संहिता, निर्माण इजाजत (डिजाइन समेत) एवं शहरी विकास

- भवन निर्माण इजाजत, भवन संहिता २०७२ लाई कार्यान्वयनमा जोड दिइनेछ ।
- भवन निर्माणको नक्शा स्वीकृति, संशोधन, नियमन गरिनेछ ।
- गाउँपालिकामा अव्यवस्थित बसोबास व्यवस्थापन कार्यक्रमको तर्जुमा र कार्यान्वयन गरिनेछ ।
- योजनाबद्ध र व्यबस्थित वस्ती विकासका कार्यक्रमको तर्जुमा कार्यान्वयन गरिनेछ ।
- गाउँपालिकाले वर्गीकरण गरेको मुख्य सडकहरुको क्षेत्राधिकार भित्र तथा अव्यवस्थित रुपमा भवन, घर, टहरा बनाउन परेमा मालपोत र नापी कार्यालयसँग आवश्यक समन्वय गरिनेछ ।
- एकीकृत बस्ती विकासका लागि जग्गाको एकिकरण तथा जग्गा विकास र व्यबस्थापन गरिनेछ ।
- भौगोलिक रुपले असुरक्षित, अपायक पर्ने र जोखिमयुक्त स्थानहरुमा बस्ती विकासको अवधारणा ल्याइने छैन । सुरक्षित स्थानहरुको पहिचान गरी त्यस्ता स्थानहरुमा शिक्षा, स्वास्थ्य, निर्माण, उत्पादन र रोजगारीका अवसर सहितको आधुनिक सुरक्षित वस्तीको विकास गरिनेछ ।
- आधुनिक सुरक्षित वस्ती एवं शहरीकरणको विकाससँगै फोहरमैला व्यवस्थापन, सार्वजनिक शौचालय निर्माण, ढल निर्माण, खानेपानी व्यवस्थापन र जोखिम न्यूनीकरणको कार्य गरिनेछ ।

### घ) विज्ञान प्रविधि, सूचना तथा संचार

- अभिलेख व्यवस्थापनमा नवीनतम तथा आधुनिक सूचना प्रविधिको प्रयोग गरिनेछ ।
- सूचना तथा सञ्चार प्रविधिमा सर्वसाधारण जनताको सहज र सरल पहुँच तथा सूचना प्रविधिको विकास र विस्तार सम्बन्धी कार्यक्रम तर्जुमा र कार्यान्वयन ।
- सर्वसाधारण जनतालाई सहज र सरल सूचना पहुँचको लागि सबै सेवा केन्द्रहरुमा अनिवार्य नागरिक वडापत्र (Citizen Chartared) तथा विद्युतीय सूचना बोर्ड (Digital Display) को व्यवस्था गरिनेछ ।
- वैज्ञानिक अध्ययन, अनुसन्धान र प्रविधि विकासमा लगानी गरिनेछ ।

- सूचना तथा सन्चार प्रविधिमा आधारित तथ्याङ्क व्यवस्थापन गरिदै लगिनेछ ।
- कार्यपालिकाको निर्णयहरुको विद्युतिय माध्यमबाट अभिलेखीकरणहरु सार्वजनिकिकरण गरिदै लगिनेछ ।
- गाउँपालिका भित्रका सबै सेवा केन्द्रहरुमा इन्टरनेटको पहुँच सहित विद्युतिय माध्यमबाट प्रतिवेदन (Online Reporting) को व्यवस्था गरिनेछ ।
- सरकारी निकायहरुले प्रयोगमा ल्याएको एप्सहरुलाई प्रयोगमा ल्याई सेवाप्रवाहलाई सहज र प्रविधिमैत्री बनाइनेछ ।
- एकिकृत एप्सको प्रयोग र अनलाइन रिपोर्टिङ सम्बन्धि आवश्यक तालिमको व्यवस्था मिलाइनेछ ।
- गाउँ डिजिटल प्रोफाइल निर्माण गरिनेछ ।

**ङ) संस्कृती, सम्पदा, ललितकला तथा पर्यटन प्रवर्द्धन**

- गाउँपालिकामा स्थानीय सबै धर्म, परम्परा र मौलिक संस्कृतिलाई संरक्षण र सम्बर्द्धन गरिने छ ।
- भाषा, संस्कृति एवं परम्परागत रुपमा चलि आएका जात्रा, पर्व, ललितकलाको सञ्चालन, व्यवस्थापन र प्रवर्द्धन गरिनेछ ।
- गाउँपालिकाभित्र रहेका ऐतिहासिक, धार्मिक, सांस्कृतिक एवं पर्यटकीय महत्वका प्राकृतिक सम्पदा तथा पूर्वाधारहरुको पहिचान रव्यवस्थित गर्दै पर्यटकीय स्थलको रुपमा विकास गरिनेछ ।
- पुरातात्विक, धार्मिक महत्वका सम्पदाहरुको संरक्षण तथा सम्बर्द्धन गरिनेछ ।
- गाउँपालिकामा पर्यटकहरुलाई आकर्षित गर्नको लागि तीन A (Access, Attraction, Accomodation) सहितको पूर्वाधार विकास गरिनेछ । साथै गाउँपालिकामा समुदायिक घरबास (Home stay) संचालन, दर्ता सम्बन्धि तालिम, प्रोहत्सान तथा अध्ययन अवलोकन भ्रमणको समेत व्यवस्था गरिदै लगिनेछ ।
- नेपाल सरकारले प्रमुख १००औं पर्यटकीय गन्तव्यभित्र सूचीकृत गरेको पर्यटकीय पदमार्ग "मुन्दुम ट्रेल" को विकास र प्रवर्द्धनको लागि प्राथमिकताका साथ लगानी गरिनेछ ।
- पर्यटकीय पदमार्ग "मुन्दुम ट्रेल" क्षेत्रमा व्यवस्थित टहराहरु निर्माण गरिनेछ । साथै संरक्षण र संचालनको लागि आवश्यक प्रबन्ध मिलाइनेछ ।
- उक्त पदमार्गमा अधिक्तम साँकेतिक बोर्डहरु रीखनेछ र पदमार्ग आसपासमा सरसफाईमा ध्यान दिदै प्लाष्टिक तथा सिसाजन्य वस्तुहरुको प्रयोगमा निषेध गरिनेछ ।
- "मुन्दुम ट्रेल" पदमार्गको विकास र प्रबर्द्धनमा लगानीको लागि अन्य देशी तथा विदेशी निकायहरुमा पहल गरिनेछ ।
- मुन्दुम पदमार्ग क्षेत्रलाई संरक्षित क्षेत्र घोषणा गरी मुन्दुम पदमार्ग को दायाँबायाँ कम्तिमा २ कि.मी. क्षेत्र भित्र सडक विस्तारमा रोक गरिनेछ ।
- साँस्कृतिक एवं धार्मिक मान्यता बोकेको टेम्के डाँडालाई प्राकृतिक रुपमा संरक्षित गर्ने र हाल टेम्के डाँडासम्म जान खोलिएको सडकलाई बन्द गर्न पहल गरिनेछ ।
- पर्यटन प्रवर्द्धन र व्यवस्थापनको लागि सुचना केन्द्रको निर्माण गरिनेछ साथै पर्यटक सुरक्षा, ट्रेकिङ, गाइड, साहसिक खेलकुदको लागि पनि उचित लगानी र व्यवस्था गर्दै लगिनेछ ।
- सेल्मे कपासे हलहले क्षेत्र तथा पाचधारे पोखरीलाई पर्यटनको लागी लगानी र सम्बर्द्धन गरिनेछ ।

## ३. आर्थिक विकास

क) कृषि, जलश्रोत, वन, उद्योग वाणिज्य सम्बन्धमा

- मानिसको जीवन कृषिमा निर्भर रहेको हुनाले कृषि क्षेत्रलाई प्रमुख प्राथमिकताका साथ लगानी गरिनेछ ।
- प्रत्येक वडामा एक पकेट कार्यक्रम सञ्चालन गरिनेछ ।

- करेसावारी अन्तर्गत खाने तेलजन्य तोरी, सूर्यमूखी, सरस्यू उत्पादनमा जोड दिई खाने तेलमा टेम्केमैयुङलाई आत्मनिर्भर वनाइनेछ ।
- मौरीपालन व्यवसायलाई प्रवर्धन गर्न तालिम तथा अभिमूखिकरण कार्यक्रम सञ्चालन गरिनेछ साथै मौरीपालनको विकासको लागि स्रोत केन्द्रको रुपमा टेम्केमैयुङलाई विकास गर्दै लगिनेछ ।
- प्याज, टमाटर, लसुन, खोर्सानी, वेसार, अदुवा खेतीलाई प्राथमिकतामा राखी कार्यान्वयन गरिनेछ ।
- कृषि विकास कार्यक्रम संचालन कार्यविधिलाई कार्यान्वयन र लागु गरिनेछ ।
- मानिसको आय र रोजगारसँग जोडिने गरी आधुनिक कृषिमा आधारित व्यवसायिक नगदे बाली, तरकारी, फलफुल खेती तथा पशुपालन व्यवसायमा जोड दिइनेछ ।
- कृषि तथा पशु विमा कार्यक्रमलाई अगाडी वढाई कार्यान्वयन गरिनेछ ।
- फलफूल र तरकारीजन्य उत्पादनको संरक्षणको लागि चिस्यान केन्द्र निर्माणलाई अगाडी वढाइनेछ ।
- कृषि बजार तथा हाटबजारको पूर्वाधार निर्माणका लागि गाउँपालिका तथा ९ वटै वडा तहमा संभाव्य स्थानको खोजी गरी पूर्वाधार निर्माण र हाटबजार शुरु गरिनेछ ।
- हाल गाउँपालिका भित्र चलिरहेका मुख्य हाटबजारहरुको वर्गीकरण र व्यवस्थापनमा लगानी गरिनेछ ।
- साना सिँचाई निर्माण, तालिम, प्रविधि प्रसार, प्राविधिक टेवा, कृषि सामाग्री आपूर्ति र कृषक क्षमता विकास कार्यक्रमको सञ्चालन गरिनेछ।
- कृषकहरूको क्षमता अभिवृद्धि, प्राविधिक सेवा, टेवा, सीप विकास र सशक्तीकरण गरिनेछ।
- कृषि तथ्याङ्कको व्यवस्थापन र सूचना प्रणाली तथा कृषि सम्बन्धी सूचनाको प्रचारप्रसार गरिनेछ।
- कृषि स्रोत केन्द्रको स्थापना र व्यवस्थापन गरिनेछ।
- कृषकहरुलाई माटोको प्रकार, गुणस्तर र हावापानी अनुकुलन खेती गर्न र उचित मल, बीउ, बिसादी प्रयोग गर्न प्राविधिक सेवा प्रदान गरिनेछ ।
- कृषकहरुलाई शुरुवातमा एउटा टोलक्षेत्र वा पकेट समेटिने गरी एकै प्रकारका खेती बाली लगाउन प्रोहत्सान गरिनेछ ।
- कृषि उत्पादनका लागि आवश्यक सडक, विद्युत, सिंचाई, संकलन तथा बिक्री केन्द्रहरु जस्ता पूर्वाधारको निर्माण गरिनेछ र बजारीकरणमा आवश्यक पहल गरिनेछ ।
- स्थानीय सहकारीहरुको क्षमता अभिवृद्धि तथा परिचालन गरिनेछ।
- स्थानीय उत्पादन बृद्धि, रोजगारी सिर्जना र गरिबी न्यूनीकरण गर्न स्थानीय सहकारी क्षेत्रको विकास र प्रबद्र्धन गरिनेछ ।
- सामुदायिक, ग्रामीण तथा शहरी, धार्मिक, कवुलियती वनको संरक्षण, सम्वद्र्धन, उपयोग र नियमन ।
- वन उपभोक्ता समूहको व्यवस्थापन गरिनेछ ।
- मध्यवर्ती क्षेत्रको सामुदायिक, धार्मिक र कबुलियती वनको व्यवस्थापन गरिनेछ ।
- नदी किनार, नदी उकास, नहर किनार तथा सडक किनारमा वृक्षारोपण व्यवस्थापन गरिनेछ।
- निजी तथा व्यवसायिक वनको प्रबद्र्घन र नियमन गरिनेछ।
- सार्वजनिक खाली जग्गा, पाखा वा क्षेत्रमा वृक्षारोपण, सम्भार, उपयोग र व्यवस्थापन गरिनेछ
- ।

- जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावार सम्बन्धी, सर्भेक्षण, उत्पादन, सङ्कलन, प्रवर्धन, प्रशोधन र बजार व्यवस्थापन गरिनेछ ।
- नर्सरी स्थापना, बिरुवा उत्पादन, वितरण गर्न आवश्यक प्रवन्ध मिलाइनेछ । बृक्षारोपन र प्रवद्र्धनको लागि बन कार्यालयसँग आवश्यक समन्वय गरिनेछ ।
- वन्यजन्तु विशेष गरि बाँदरबाटस्थानीय समुदायमा पर्ने प्रभावको रोकथामप्राथमिकताका साथ कार्य गरिनेछ ।
- आय आर्जनमा आधारित जडीबुटीको संरक्षण, प्रवर्धन, व्यवस्थापन गरिनेछ साथै लघु, घरेलु तथा साना उद्योगको विकास र उद्यमशिलता प्रवद्र्धन गरिनेछ ।
- खानी तथा खनिजढुङ्गा, गिट्टी, बालुवा, नुन, माटो, खरीढुङ्गा, फायर क्ले तथा स्लेट आदि खानीजन्य वस्तुको संरक्षण, विकास, उत्खनन् र उपयोग सम्बन्धी दर्ता, अनुमति, नवीकरण, खारेजी र व्यवस्थापन गरिनेछ ।
- खानी तथा खनिज पदार्थ सम्बन्धी सूचना तथा तथ्याङ्क सङ्कलन, अभिलेखन र व्यबस्थापन गरिनेछ ।

ख) राजश्व प्रशासन सम्बन्धमा

- सम्पत्ति कर, घरबहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), दण्ड जरिवाना, मनोरञ्जन कर, बहालविटौरी कर, घरजग्गा कर, मृत वा मारिएको जीवजन्तुको हाड, सिंग, प्वाँख, छालामा कर, प्राकृतिक स्रोत साधन, व्यवसायिक कर सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन, बाँडफाँड, संकलन र नियमन, अन्य आय व्यवस्थापन सम्बन्धमा आवस्यक अध्ययन अनुसन्धान गरिदै लगिनेछ ।
- सम्पती कर/मालपोत कर प्रणाली कार्यान्वयनका लागि गरी टोल वस्ती संगठनहरुको गठन गरी यसको कार्यविधि तथा मापदण्डहरुको वारेमा तालिम, अध्ययन, अवलोकन भ्रमणबाट प्राप्त प्रतिवेदनको आधारमा प्रत्येक टोल वस्तीहरुमा गोष्ठिहरु संचालन गर्दै एकिकृत सम्पती कर प्रणाली लागु गरिनेछ ।
- कानुन बमोजिम ढुंगा, गिट्टी, वालुवा, माटो, नुन, स्लेट, फायरक्लेजस्ता खानी खनीज पदार्थको सर्वेक्षण, अन्वेषण, उत्खनन र सो सम्बन्धी रोयल्टी, सामुदायिक वनको सञ्चालन र व्यवस्थापनबाटप्राप्त रोयल्टी, पानीघट्ट, कूलो, पैंनी जस्ता सेवा सञ्चालनबाट प्राप्त रोयल्टी सङ्कलन सम्बन्धमा विस्तृत अध्ययन अनुसन्धानको लागि राजश्व समिति अनतर्गत आवश्यकता अनुसार अन्य उपसमितिहरु गठन गरिनेछ ।
- प्रचलित कानुन बमोजिमका दण्ड जरिवाना तथाबाँकी बक्यौता रकमको अद्यावधिक लगत राखि असुल उपर हुन बाँकी बक्यौता कडाइका साथअसुल उपर गरिनेछ ।
- करदाता शिक्षा तथा करदाता विवरण अद्यावधिक कार्य निरन्तर रुपमा संचालन गरिनेछ ।
- संकलित वित्तीय स्रोत साधनको समतामूलक बाँडफाँड गरिनेछ ।
- आर्थिक साधनको महत्तम उपयोग तथा परिचालन गरिनेछ ।
- स्थानीय स्तरमा उद्यमी तथा व्यापारीहरुको छाता संगठनलाई स्थानीय राजस्व प्रवद्र्घनका लागि प्रोत्साहन गरिनेछ ।
- राजश्वको सम्भाव्यता अध्ययनलाई नियमित गरिनेछ ।

- राजश्व तथा व्ययको अनुमान, बजेट सीमा निर्धारण, बजेट तर्जूमा, कार्यान्वयन र नियमन प्रक्रृयालाई व्यवहारिक तथा पारदर्शिपूर्ण बनाइदै लगिनेछ ।
- बेरुजु शून्य राख्न सबै वडा कार्यालयहरुलाई बढी जिम्मेवार बनाइनेछ रबेरुजु शून्य राख्ने वडा कार्यालयहरुलाई प्रोहत्सान स्वरुप थप कार्यक्रमहरु दिइनेछ ।

४. सामाजिक विकास

क) शिक्षा

- शैक्षिक पूर्वाधार निर्माण र मर्मत सम्भारको कार्यलाई निरन्तरता दिइनेछ ।
- नेपालको संविधान अनुसार अनिवार्य आधारभूत शिक्षाको कार्यान्वयनका लागि विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालयमा भर्ना गर्ने व्यवस्था मिलाइने छ ।
- कक्षा ५ र ८ को बार्षिक परीक्षा सञ्चालन तथा व्यवस्थापन पालिकास्तरबाट गरिने छ सो कार्यका लागि पालिकास्तरीय परीक्षा समितिको गठन गरिने छ ।
- स्थानीय पाठ्यक्रम र कक्षा १-३ को एकीकृत पाठ्यक्रमको अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिने छ।
- पालिकास्तरमा एक विद्यालय अनुगमन तथा सुपरिवेक्षण समिति गठन गरिने छ ।सो समितबाट नियमित विद्यालयको अनुगमन तथा सुपरिवेक्षण हुनेछ ।
- स्थानीय पाठ्यक्रम कार्यान्वयनलाई प्रभावकारी बनाउनका लागि पाठ्यपुस्तक विकास गरी पाठ्यपुस्तक छपाई तथा वितरण गरिने छ ।
- शैक्षिक सत्र २०७९ बाट स्थानीय पाठ्यक्रम कक्षा १ मा लागू गरिने छ र क्रमश २०८० मा कक्षा २ र ३, २०८१ मा कक्षा ४ र ५ साथै २०८२ मा कक्षा ८ सम्म लागू गरिनेछ ।
- शिक्षालाई प्रविधिमैत्री बनाइने छ ।जसका लागि आवश्यक वजेट विनियोजन गरिनेछ।
- विद्यार्थीहरुको प्रतिभा पहिचान तथा विकासका लागि पालिका स्तरीय अतिरिक्त क्रियाकलाप सञ्चालन गरिने छ।
- बाल विकास सहजकर्ता, कार्यालय सहयोगी र सामुदायिक सिकाइ केन्द्रको परिचालिकाको माषिक थप तलब रकम रु ७००० थप गरी रू १५००० पुऱ्याइनेछ, साथै माध्यमिक तहको लेखापालको तलव ४५०० थप गरी रु. १८००० पुऱ्याइनेछ ।
- विद्यालय आउने जाने समयको व्यवस्थापनका लागि प्रत्येक विद्यालयमा शिक्षकका लागि इलेक्ट्रोनिक हाजिरी व्यवस्थाका गर्न आवश्यक पहल गरिने छ ।
- शिक्षण पेशा र शिक्षालाई प्रोत्साहन गर्नका लागि उत्कृष्ट विद्यालयलाई सम्मान गरिनेछ।
- शिक्षा क्षेत्रको बढ्दो राजनितिकरणलाई न्यूनीकरण गर्नका लागि शिक्षक तथा कर्मचारीहरुले आफ्नो पेशागत संघ संगठन बाहेक कुनै पनि राजनितिक दलको सदस्यता लिन पाइने छैन र

कुनै राजनितिक दलको वक्ताको रुपमा कुनै भेला तथा सभामा सहभागी हुन पाइने छैन । यदि नियम विपरीत कार्य गरेमा शिक्षा ऐन तथा नियमावलीअनुसार कारवाही हुनेछ ।

- पालिका भित्रका विद्यालयहरुका गतिविधिहरुलाई एकरुपता कायम गर्नका लागि शैक्षिक क्यालेन्डर निर्माण गरी सोको कार्यान्वयन गरिनेछ ।
- विद्यालयको प्रशासनिक कार्यलाई चुस्त दुरुस्त र प्रभावकारी बनाउन का साथै विद्यालयका शैक्षिक भौतिक समस्याहरु समाधान गर्नका लागि प्रत्येक २-२ महिनामा प्र.अ वैठक सञ्चालन गरिनेछ ।
- बालबालिकाहरुको खेलकुद विकास गरि खेल प्रति अभिरुची जगाउनका लागि पालिका भरिका माध्यमिक तह सञ्चालित विद्यालयहरुलाई सहभागी गराई पालिका स्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता सञ्चालन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- विद्यालयमा अध्ययनरत किशोरीहरुलाई निःशुल्क सेनेटरी प्याड वितरण गर्ने व्यवस्था मिलाइने छ ।
- आ व २०७९/८० वाट कक्षा ६ सम्म दिवा खाजाको व्यवस्था गरिने छ ।
- शैक्षिक गुणस्तर बृद्धिका लागि एक कक्षा एक शिक्षक दरबन्दीको व्यवस्था गर्न आवश्यक पहल गरिने छ साथै आवश्यकताका आधारमा दरबन्दी मिलानको कार्य गरिनेछ ।

ख) खेलकुद

- गाउँपालिका स्तरीय खेलकुद तथा वडा स्तरीय खेलकुद मैदानको लागि उपयुक्त स्थानमा जग्गा व्यवस्थापन र खेलकुद मैदान निर्माण गरिदै लगिनेछ ।
- खेलकूदको विकास र प्रवद्र्घनको लागि अनुशासित खेलाडी उत्पादनमा जोड दिइनेछ ।
- वर्षको कम्तिमा १ पटक गाँउपालिका स्तरमा टेम्केमैयुङ कप लगायत बिभिन्न खेलकुद प्रतियोगिताहरु सञ्चालन आयोजना गरिनेछ । साथै अन्य स्थानमा संचालन हुने खेलकुद प्रतियोगिताहरुमा समेत सहभागीता गराइनेछ ।
- गाउँपालिका स्तरीय खेलकुद पूर्वाधारको लागि डिपिआर तयार भएको नागी खेलकुदमैदानको पूर्वाधार विकास गरिनेछ ।

ग) स्वास्थ्य

१. बाल स्वास्थ्यः

- बालबालिकालाई पूर्ण खोप प्रदान गर्दै यसको दिगोपना कायम गरिनेछ।
- बालबालिकाको पोषणको लेखाजोखा गर्ने कुपोषित बालबालिकाहरुको पहिचान गरी उचित उपचार र व्यवस्थापन गरिनेछ।
- समुदायमा आधारित बालरोगको एकीकृत व्यवस्थापनको लागि स्वास्थ्य कर्मीहरुलाई तालिम प्रदान गरी क्षमता अभिवृद्धि गर्ने र समुदायमा भएका बालरोगलाई स्थानीय स्तरमै

व्यवस्थापन गर्ने साथै जटिल रोगको पहिचान गरी समयमै माथिल्लो निकायमा रेफर गरी बाल मृत्यूदरलाई कम गर्दै शुन्यता तर्फ लगिनेछ ।

- बालबालिकाको लागि पोषण लेखाजोखा गर्न प्रत्येक महिना प्रत्येक स्वास्थ्य संस्थाबाट गाउँघर क्लिनिक सञ्चालन गर्ने र प्रत्येक भेटमा आएका बालबालिकालाई स्वास्थ्य सामग्री वितरण साथै स्वास्थ्य कर्मीलाई यातायात खर्च उपलब्ध गराई बालबालिकाको स्वास्थ्य स्तर अभिवृद्धि गरिनेछ ।
- बालबालिकामा हुने लैंगिक भेदभाव अन्त्य गर्न समुदाय सचेतीकरण कार्यक्रम गर्दै लैजाने र छोरा र छोरी दुवै समान हुन भन्ने धारणा विकास गर्न सहयोग गरिनेछ ।

## २. मातृ तथा प्रजनन स्वास्थ्य

- **ANC,PNC,** ग्रामीण अल्ट्रा साउण्ड नियमित रुपमा सञ्चालन गर्दै संस्थागत सुत्केरी हुन प्रोत्साहन र घरमा हुने सुत्केरीलाई निरुत्साहन गरिनेछ ।
- गर्भवती अवस्थामा स्याहार र पोषण कार्यक्रम सञ्चालन गरी आमा र बच्चाको स्वास्थ्य अवस्था अभिवृद्धि गर्न सहयोग गरिनेछ ।
- जटिल प्रकारको प्रसुती पहिचान गरी समयमै रेफर गर्ने व्यवस्था मिलाइनेछ ।
- राष्ट्रपति महिला हवाई उद्धार कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- प्रसुती कर्मीलाई तालिमको व्यवस्था गरी आवश्यक जनशक्तिलाई तालिम प्रदान गरिनेछ ।

## ३. परिवार नियोजन सेवा

- परिवार योजना बारेमा दम्पतीहरुलाई उचित परामर्श गरी उनीहरुको रोजाई अनुसारका साधनहरु स्थानीय स्तरबाटै सेवा उपलब्ध गराउने र सोहीअनुसारका थप सेवाका लागि स्वास्थ्य कर्मीहरुलाई तालिम प्रदान गरिनेछ।
- नियमित रुपमा छोटा र लामो समयका परिवार नियोजनका साधन वितरण गरिनेछ।
- लामो समयको लागि वा पूर्णकालिन समयको लागि परिवार नियोजनका साधन प्रयोग गर्न चाहने दम्पतीलाई क्याम्प सञ्चालन गरी सेवा उपलब्ध गराइनेछ ।

## ४. दैनिक ओपिडी र इमर्जेन्सी सेवा सञ्चालन

- स्थानीय स्तरका जनताहरुको सहजताको लागि दैनिक ओपिडी सेवा सञ्चालन गर्ने र पहिचान भएका जटिल समस्याहरुलाई समयमै रेफर र व्यवस्थापन गर्दै लगिनेछ ।
- स्वास्थ्य संस्था स्तरमा गरिने सेवाहरुलाई न्यूनतम सेवा मापदण्डका आधारमा सेवाहरुको विस्तार र व्यवस्थापन गर्दै लगिनेछ ।
- आधारभूत स्वास्थ्य सेवा सञ्चालन गरी नियमित औषधी वितरण गरिनेछ ।
- आवश्यक थप औजार उपकरणको व्यवस्थापन गर्दै लगिनेछ ।
- सवै समुदाय स्तरमा महामारी फैलन सक्ने रोगहरुको पहिचान गरी माथिल्लो निकायमा खवर गरी आवश्यक स्रोत र जनशक्ति उपलब्ध गराउदै समयमै व्यवस्थापन गर्दै लगिनेछ ।

- दैनिक रुपमा आकस्मिक सेवा सञ्चालन गर्न स्वास्थ्य संस्थामै कर्मचारी बस्नको लागि आवश्यक व्यवस्था मिलाउदै लगिनेछ ।
- नसर्ने रोगको बारेमा परामर्श गरी रोगथामका उपाय र पुनर्स्थापना कार्यक्रम सञ्चालन गर्न आवश्यक दक्ष जनशक्ति विकास गर्न स्वास्थ्य कर्मीलाई आवश्यक तालिमको व्यवस्था गरिनेछ ।
- नेपाल सरकारबाट स्वीकृत भएको स्वास्थ्य संस्थामा उपलब्ध गराइने औषधीहरुको नयाँ सूची अनुसारको न्यूनतम सेवा सञ्चालन गर्न आवश्यक पहल गरी व्यवस्था गरिनेछ ।
- हाल विश्वमा फैलिरहेको कोभिड १९ को महामारी नियन्त्रण र रोकथामका लागि आवश्यक पहल र व्यवस्थापन गरिनेछ ।
- कोभिड १९ विरुद्धको खोपको लागि पूर्णता प्रदान गर्न छुटेका व्यक्तिहरुको खोजी गरी पहिचान भएका व्यक्तिहरुलाई आवश्यक परामर्श र खोप प्रदान गरिनेछ ।
- संक्रमण रोकथाम कार्यक्रम अन्तर्गत स्वास्थ्य कर्मी र सहयोगी कर्मचारीहरुको लागि तालिमको व्यवस्था गरिनेछ।
- जनताले पाउने सेवा र सूचनाको अधिकारको लागि नागरिक वडापत्र प्रत्येक संस्थामा राख्ने व्यवस्था मिलाइनेछ ।
- समुदाय स्तरका बिरामीहरुलाई स्वास्थ्य संस्था सम्म ल्याउनको लागि आवश्यक उपकरणको व्यवस्था गरिनेछ।

## ५. ज्येष्ठ नागरिक स्वास्थ्य परिक्षण सेवा

- ६८ वर्ष माथिका ज्येष्ठ नागरिकको स्वास्थ्य परीक्षण गर्न प्रत्येक ६-६ महिनामा घरभेट कार्यक्रम सञ्चालन गरिनेछ, साथै उक्त कार्यक्रममा देखिएका ज्येष्ठ नागरिकका समस्या समाधान गरिनेछ ।
- स्वास्थ्य परिक्षण गर्नका लागि आवश्यक थप उपकरणहरुको व्यवस्थापन गरिनेछ ।

## ६. स्वास्थ्य इकाइ थप कार्यक्रम

- भौगोलिक विकटताको आधारमा यस पालिका अन्तर्गतका विभिन्न वडामा स्वास्थ्य सेवा पहुँच टाढा भएको हुँदा टोल र बस्तीहरुमा सामुदायिक स्वास्थ्य इकाइ स्थापना गरी आवश्यक जनशक्ति तथा उपकरणको व्यवस्था मिलाइनेछ ।

## ७. स्वास्थ्य शिविर सञ्चालन कार्यक्रम

- यस पालिका अन्तर्गतका जनताहरुको स्वास्थ्य सेवा अभिवृद्धि गर्न आवश्यक शिविरहरु सञ्चालन गरिनेछ ।
- क्षयरोग परिक्षण र उपचारको दायरामा बृद्धि गर्न आवश्यक स्थानमा माइक्रोस्पिक क्याम्प सञ्चालन गरिनेछ ।

## ८. महिला स्वास्थ्य सेविका कार्यक्रम

- महिला स्वास्थ्य स्वयम सेविकाहरुको लागि क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।
- उत्कृष्ट महिला स्वयम सेविकाहरुलाई सम्मान गरिनेछ ।
- वर्ष उमेर माथिका महिला स्वास्थ्य स्वयम सेविकाहरुले गरेको सेवाको उच्च मूल्याङ्कन गर्दै 60 सम्मानजनक विधाइ गर्ने ।
- स्वयंसेविकाको उत्प्रेरणाको लागि आवश्यक यातायात खर्च विनियोजन गरिनेछ ।

९. स्वास्थ्य व्यवस्थापन कार्यक्रम

- स्वास्थ्य संस्थामा आवश्यक जनशक्ति र उपकरणको व्यवस्था गर्दै लगिनेछ ।
- कार्यालयको न्यूनतम सेवा सञ्चालनको लागि सबै स्वास्थ्य संस्थालाई सबल बनाउदै लगिनेछ।

<u>रोजगार</u>

१. पालिकाका वेरोजगार युवाहरुको पहिचान गरी उनीहरुको कार्यक्षमताका आधारमा वर्षमा कम्तीमा १०० दिनको रोजगारको व्यवस्था मिलाइने छ ।

२. व्यावसायिक कृषि प्रणाली मार्फत वेरोजगार युवाहरुलाई स्वरोजगार बनाउन विशेष व्यवस्था मिलाइने छ ।

३. प्रधानमन्त्री रोजगार कार्यक्रमको योजना छनौट गर्दा कृषि कार्यक्रमलाई प्राथमिकता दिइने छ ।

खानेपानी तथा सरसफाई

- खानेपानी महसुल निर्धारण र खानेपानी सेवा व्यवस्थापन गरिनेछ ।
- सार्वजनिक स्थलमा पिउने पानी व्यवस्थापन गरिनेछ ।
- स्वच्छ खानेपानीको लागि एक घर एक धाराको व्यवस्था क्रमसः गर्दै लगिनेछ ।
- टोलटोलमा धेरै सडकहरु विस्तार तथा अनुत्पादक संरचनाहरु निर्माणको कारण खानेपानी मुल मुहान मर्मत, संरक्षण र व्यवस्थापन सचेतनाको लागि प्रमुख प्राथमिकताका साथ कार्य गरिनेछ ।
- गाउँपालिकामा संचालित मुख्य खानेपानी आयोजनाहरुकोउपभोक्ताहरुले नै अनिवार्य संरक्षण तथा मर्मत सहित व्यवस्थित रुपले उपभोग गर्न नीति बनाई कार्यान्वयन गरिनेछ ।
- सरसफाई सचेतनाको अभिवृद्धि गर्न विभिन्न कार्यक्रम वनाई लागू गरिनेछ ।
- गाउँपालिकाभित्र सिसा र प्लास्टिक जन्य वस्तुहरुको प्रयोगको कारण वातावरण प्रदुषण बढी रहेकोले त्यस्ता वस्तुहरुको प्रयोगमा न्यूनीकरणको लागि अभियान शुरु गरिनेछ ।
- तत्काल सिसा तथा प्लास्टिक जन्य वस्तुहरुलाई व्यवस्थित गर्न गाउँपालिका लगायत सबै वडाहरुको पायक पर्ने स्थानमा फोहरमैला व्यवस्थापनको लागि डम्पिङ साइट निर्माण गरिनेछ । साथै उक्त सिसा तथा प्लास्टिक जन्य वस्तुहरुलाई पुनःप्रयोग तथा पुनःचक्रण गर्न निकासीको लागि सम्बन्धित पक्षहरुसँग समन्वय गरिनेछ ।

घ) लैंगिक समानता

- एकल, द्वन्द पीडित तथा विपन्न महिलाहरुको आर्थिक पहुँचको लागि अक्षयकोष व्यवस्थापन गर्दै लगिनेछ । आर्थिक, सामाजिक, शैक्षिक तथा राजनीतिक रुपले पछाडि पारिएका महिलाहरुको क्षमता विकासको लागि आगामी कार्यक्रमहरुमा पहिलो प्राथमिकता दिइनेछ ।
- लैंगिक हिंसात्मक व्यवहारलाई निरुत्साहन गरिनेछ ।
- महिलाको आर्थिक, सामाजिक, राजनीतिक सशक्तिकरण, क्षमता विकास गरिनेछ ।
- लैंगिक हिंसा निर्मुल गर्न र निवारणका लागि निरोधात्मक, प्रवद्र्धनात्मक, संरक्षणात्मक उपाय र पुनःस्थापनाको कार्यक्रम गरिनेछ ।
- लैंगिक उत्तरदायी बजेटको व्यवस्था गरिनेछ ।

ङ) बालबालिका

- बालबालिकाको हकहीत संरक्षण गरिनेछ ।
- बालमैत्री शासकीय प्रवन्ध, बाल क्लब, बाल संरक्षण समिति तथा बाल सञ्जालध्यान दिइनेछ ।
- असहाय बालबालिका र सडक बालबालिकाहरुलाई उचित व्यवस्थापन गरिनेछ ।
- बाल हिंसा नियन्त्रण गर्न बालबालिका तथा किशोर किशोरीलाई सूचना पहुँचको अनुभुती गराइनेछ ।
- बालविबाह न्यूनीकरण गराउन विभिन्न विसंगतीबाट टाढा रहन सचेतीकरणको कार्य गरिनेछ ।

च) ज्येष्ठ नागरिक

- जेष्ठ नागरिकको सुरक्षा–संरक्षण, सम्मान र निजहरुमा रहेको ज्ञान, शीप, क्षमता र अनुभवको सदुपयोग गरी निजहरुप्रति श्रद्धा, आदर तथा सद्भावको अभिवृद्धि गर्ने र उनीहरुको मानवोचित जीवनयापनमा सहयोग गर्ने कार्यलाई उच्च महत्व दिइनेछ ।
- जेष्ठ नागरिकको लगत, परिचयपत्र, सम्मान, स्वास्थ्य सुविधा, सामाजिक सुरक्षा सम्बन्धी कार्य सञ्चालन गरिनेछ ।
- जेष्ठ नागरिक क्लव, दिवा सेवा केन्द्र, भलाकुसारी तथा भेटघाटस्थल, आश्रय केन्द्रको सञ्चालन तथा व्यवस्थापन गरिनेछ ।

छ) अपाङ्गता भएका समूह

- गाउँपालिका भित्र रहेका सबै खाले अपाङ्गता भएका व्यक्तिहरुको पहिचान र वर्गीकरण गरी लगत राखिनेछ ।
- अपाङ्गता भएका व्यक्ति तथा असहायको लगत अद्यावधिक, परिचयपत्र वितरण, सामाजिक सुरक्षा तथा सुविधाको व्यवस्थापन तथा वितरण गरिनेछ ।
- अपाङगता भएका व्यक्तिमैत्री पूर्वाधार निर्माण तथा सञ्चालन गरिनेछ ।
- अपाङगता भएका तथा असहाय विद्यार्थीहरुलाई शिक्षा तथा स्वास्थ्यका लागि आवश्यक सहयोग र पहल गरिनेछ ।
- अपाङ्गता भएका व्यक्ति र असक्तहरूको व्यवस्थापन सम्वन्धी अन्य कार्य गरिनेछ ।

ज) महिला तथा एकल महिला

- एकल महिला सम्वन्धी कार्य गरिनेछ ।
- महिलाहरुलाई आयआर्जन मुलक र आधुनिक कृषि व्यवसायमा लाग्न शीपमुलक तालिमको व्यवस्था गरिनेछ ।
- एकल तथा असहाय पुरुष सम्बन्धि सामाजिक सुरक्षा ऐन २०७५ र सामाजिक सुरक्षा नियमावली २०७६ कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

५. सुशासन अन्तर सम्बन्धि तथा विपद व्यवस्थापन

क) गरिबी निवारण

- गाउँपालिकाका विपन्न वा गरीब परिवारको आगामी आ.ब. भित्र घरको फुसको छाना विस्तापित गरिनेछ ।
- भूमीहीन तथा सुकुम्बासिहरुको लागि भूमि आयोग मार्फत जग्गा प्राप्ती गर्न आवश्यक पहल गरिनेछ ।

ख) विपद व्यवस्थापन

- हाल विश्वमा फैलिरहेको कोरोना महामारी लगायत अन्य महामारी र प्राकृतिक विपदहरुलाई मध्यनजर गर्दै सम्भावित जोखिम न्यूनीकरण गर्न जनचेतनाको कार्यक्रमहरु गरिनेछ ।
- विपदको समयमा अस्थायी आवासको रुपमा प्रयोग गर्न सकिने खालका सबै वडाको उपयुक्त स्थानहरुमा सामुदायिक वा टोल भवनहरु निर्माण गरिनेछ ।